जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ५५ २०८३ साल असोज ७ गते बुधबार (23 Sep 2026 Wednesday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : विदेशी स्टारको सहभागिताले... ३ पृष्ठमा : शीतभण्डार आयोजना अलपत्र, ... ३ पृष्ठमा : जिन्नाको तस्बिरले ...

# लोककल्याणकारी विज्ञापनबिरुद्ध ल्याइएको कार्यविधी खारेजीको माग



**दैनिक समाचारदाता राजविराज, ६ असोज ।**

नेपाल पत्रकार महासंघ सप्तरी शाखाले लोककल्याणकारी विज्ञापनबिरुद्ध सरकारले ल्याएको कार्यविधी खारेजीको माग गरेको छ ।

लोककल्याणकारी विज्ञापन वापतको मासिक रकममा भारी कटौती गरेको बिरोधमा मंगलबार जिल्ला हुलाक कार्यालय सप्तरीमा ज्ञापनपत्र बुझाएको छ ।

महासंघका अध्यक्ष श्रवणकुमार देवको नेतृत्वमा गएको पत्रकारहरुको टोलीले सरकारको उक्त नीति बिरुद्ध नेपाल पत्रकार महासंघ आन्दोलित रहेको स्मरण गराउँदै महासंघ आन्दोलित रहेको समयमा माग सम्बोधन नभएसम्मका लागि लोककल्याणकारी विज्ञापनबापतको बिल नबुझ्न आग्रह गरिएको छ ।

महासंघले सरकारद्वारा ल्याइएको कार्यविधि खारेजीको माग गर्दै आएको अवस्थामा समेत विज्ञापन बोर्डले महासंघको आग्रहलाई बेवास्ता गर्दै लोककल्याणकारी विज्ञापन वापतको बिल बुझ्ने कार्य अघि बढाइरहेको भन्दै हाललाई पत्रपत्रिका नबुझ्न ज्ञापनपत्र मार्फत आग्रह गरिएको हो ।

आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत बजेट संघीय संसदबाट पारित भई कार्यान्वयनमा आइसकेको अवस्थामा बजेटमा व्यवस्था गरिएको रकमसँग बाझिने गरी सरकारले कार्यविधि ल्याएको उल्लेख गर्दै ज्ञापनपत्रमा यसले सञ्चार माध्यमप्रति सरकारको दृष्टि अनुदार रहेको उल्लेख छ ।

संशोधित कार्यविधि खारेज गरी वजेटमा व्यवस्था भएअनुसार लोककल्याणकारी विज्ञापनको रकम उपलब्ध गराउने वातावरण निर्माण गर्न तथा हालको अवस्थामा सम्बन्धित बिल नबुझ्न अनुरोध गर्दै ज्ञापनपत्रमा महासंघको माग सम्बोधन नभएमा घोषित कार्यक्रम अनुसार थप आन्दोलन गर्न बाध्य हुने जानकारी गराइएको छ ।

# डाक्टर तथा कर्मचारीले हातपात र ज्यान मार्ने धम्की आएको भन्दै सुरक्षाको माग

**दैनिक समाचारदाता राजविराज, ६ असोज ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका डाक्टर तथा कर्मचारीले आफूमाथि हातपात र ज्यान मार्ने धम्की आएको भन्दै अस्पताल प्रशासनसँग सुरक्षाको माग गरेका छन् ।

उनीहरूले सोमबार अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्टलाई लिखित निवेदन दिँदै दोषीमाथि कडा कारबाही गर्न माग गरेका हुन् ।

“यो घटना यही असोज २ गते राति ९ बजेदेखि १० बजेको बीचमा भएको हो । राजविराज वडा नम्बर ८ मा रहेको ’ग्रीन गार्डेन रिसोर्ट एन्ड पार्टी प्यालेस’मा खाना खाइरहेको समयमा अम्मर यादव नाम गरेका व्यक्तिले अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट रन्जीत कुमार झालाई गालीगलौज गर्दै ज्यान मार्ने धम्की दिएको छ” निवेदनमा उल्लेख छ ।

सोही क्रममा अस्पतालकै प्रशासन शाखाका कर्मचारी नारायण कुमार यादवसहित अम्मर यादव, विट्टु यादव र दिनेश मण्डलले आफूहरूमाथि हात हाल्ने (कुटपिट गर्ने) कार्य गरेको डाक्टरहरूले निवेदनमा खुलाएका छन् ।

यस्तो असुरक्षित वातावरणमा काम गर्न नसकिने भन्दै डाक्टरहरूले अस्पतालमा नियमित सेवा प्रदान गर्नका लागि उचित सुरक्षाको व्यवस्था मिलाउन जोडदार माग गरेका छन् ।

यस घटनामा संलग्न सबै व्यक्ति र ल्याब इन्चार्जलाई समेत छानबिनको दायरामा ल्याई कानून बमोजिम कडा कारबाही गर्न उनीहरूले अनुरोध गरेका छन् ।

सुरक्षा र कारबाहीको माग गर्दै दिइएको उक्त निवेदनमा कन्सल्टेन्ट प्याथोलोजिस्ट डा. सरोज कुमार राय, कन्सल्टेन्ट अर्थोपेडिक डा. प्रनेश यादव र डा. रुपेश यादव, कन्सल्टेन्ट सर्जन डा. शम्भु यादव र डा. कौशल मण्डल, कन्सल्टेन्ट गाइनेकोलोजिस्ट डा. निसिकान्त यादव, डेन्टल सर्जन डा. महेन्द्र मण्डल, डा. धिरज गुप्ता र एनेस्थेसियोलोजिस्ट डा. प्रितम मण्डल लगायतका विशेषज्ञ डाक्टरहरूले हस्ताक्षर गरेका छन् ।

यता, अस्पतालका निमित्त मेसु झाले मंगलबार आफ्नो फेसबुकमा “गम्भीर ध्यानाकर्षण शिर्षक राख्दै ! गत शुक्रबार राजविराजमा अस्पताल प्राङ्गण बाहिर कर्मचारीहरूबीच झैझगडा

*बाँकी अन्तिम पृष्ठमा*

# असोज ९ देखि ११ गतेसम्म भारी वर्षाको सम्भावना

काठमाडौँ, ६ असोज (रासस) ।

बागमती प्रदेश सरकार, आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयले आगामी असोज ९ देखि ११ गतेसम्म प्रदेशका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन नागरिकलाई आग्रह गरेको छ ।

मन्त्रालयले मंगलबार सार्वजनिक सूचना जारी गरी सम्भावित जोखिमलाई ध्यानमा राख्दै आवश्यक सावधानी र पूर्वतयारी अपनाउन अनुरोध समेत गरेको हो ।

नेपाल मौसम विज्ञान विभागका अनुसार उक्त अवधिमा बागमती प्रदेशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारी वर्षाको सम्भावना छ ।

मन्त्रालयका अनुसार भारी वर्षाका कारण नदी तथा खोलामा पानीको सतह बढने तथा आकस्मिक बाढी, पहिरो र डुबान हुनसक्ने जोखिम छ । वर्षाका कारण सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकाले यात्रा गर्नुअघि सडक र मौसमको अवस्थाबारे जानकारी लिन आग्रह गरिएको छ ।

मन्त्रालयले नदी तथा खोला किनार, पहिरो जोखिम भएका भूभाग, भिरालो जमिन र डुबान हुन सक्ने क्षेत्रमा बसोबास गर्ने नागरिकलाई विशेष सावधानी अपनाउन अनुरोध गरेको छ ।

जोखिमको सङ्केत देखिएमा समयमै नजिकको सुरक्षित स्थानमा जान तथा स्थानीय तह र सुरक्षा निकायसँग समन्वय गर्न सुझाव दिइएको छ ।

त्यस्तै अति आवश्यक अवस्थामा बाहेक लामो दूरी तथा रात्रीको समयमा यात्रा नगर्न, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिन मन्त्रालयले आग्रह गरेको छ ।

पशुचौपाया, खाद्यान्न, औषधि, महत्वपूर्ण कागजात र अन्य आवश्यक सामग्री सुरक्षित स्थानमा राख्न समेत अनुरोध गरिएको छ ।

प्रदेश सरकारका सम्बन्धित निकाय, स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवक तथा अन्य सरोकारवालालाई आवश्यक पूर्वतयारीसहित सतर्क अवस्थामा रहन निर्देशन दिइएको छ ।

जोखिममा रहेका नागरिकलाई आवश्यकताअनुसार समयमै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तयारी मिलाउन पनि भनिएको छ ।

मन्त्रालयले नेपाल मौसम विज्ञान विभाग, सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सुरक्षा निकायबाट जारी हुने आधिकारिक पूर्वानुमान, पूर्वसूचना र चेतावनी नियमित रूपमा हेर्न तथा सम्बन्धित निकायको निर्देशन पालना गर्न सबैमा अनुरोध गरेको छधनस् ।

वर्षा तथा बाढीबारे आवश्यक जानकारी लिन ११५५, विपद् सहायता १२३४, नेपाल प्रहरीको १०० र सशस्त्र प्रहरी बल, नेपालको ११४ नम्बर तथा मन्त्रालयगत विपद् सम्पर्क व्यक्तिको मोबाइल नम्बर ९७६९७६१२१४ मा सम्पर्क गर्न सकिने मन्त्रालयले जनाएको छ । मन्त्रालयले आधिकारिक सूचनालाई मात्र आधार बनाउन र अफवाहमा विश्वास नगर्नसमेत प्रदेशवासीलाई आग्रह गरेको छ ।

## शान्तिपूर्ण समाज निर्माण गरौं

❖ शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
❖ मतभेदलाई संवाद, सहकार्य र समझदारीवाट समाधान गरौं,
❖ जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
❖ वालवालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
❖ हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
❖ सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
❖ परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सीमित खर्चमै मनाऔं चाडपर्व

चावपर्वको आवागमन भइसकेको छ। अबको केही दिनमा हिन्दूहरुको महान पर्व वडा दशैं सुरु हुनगइरहेको छ। यस पर्व निकै तामझामका साथ मनाउने चलन चलिआएको छ। तर, अहिले मुलुकको आर्थिक स्थिति र व्यक्तिको खर्च गर्ने हैसियतमै सीमित भएको छ। जसकारण पर्व सीमति खर्चमै मनाउन तर्फ लाग्नु पर्ने देखिन्छ। दशैंमा बलि प्रदान गर्नका लागि महँगो मुल्यमा खसी बोका खरीद गरेर बलि दिने प्रचनलनले झनै आर्थिक भार बढाउने गर्दछ। मीठो खाने र नयाँ लगाउने पर्वका रुपमा दशैंलाई लिएर आफ्नो आर्थिक हैसियतभन्दा बढी खर्च गर्ने परम्परा बन्दै गएको छ।

दशैंमा पशुबली होइन स्मार्तको बली प्रदान गरेर पूजा गर्ने बानी बसालौं। घिरौला, कुभिन्डो, लौका, नरीवल, बेल र उखुको प्रयोग गरी स्मार्त बलिद्वारा दशैंघर दैलोमा हल्ने प्रणको आवश्यकता छ। विविध धार्मिक कार्यमा पितृ र देवताले प्राप्त गरुन भनेर फल, पकवान, मिष्ठान र वस्त्र चढाउने चलन छ। त्यसलाई पनि बलि भनिन्छ। शक्ति संगमतन्त्रे ग्रन्थमा पशु बलिको सट्टा अर्पण गरिने फलफूल र पकवानको उल्लेख छ।

तसर्थ चाड पर्वको बेला शाकाहारी भोजन गरेर मनाउनेतर्फ ध्यान दिन सकिए आर्थिक भार कम हुने विश्वास गर्न सकिन्छ। पूजालाई श्रद्धाका साथ मनाऔं, तामझाम गरेर देखावटी पूजाको अन्त्य गरिनु आवश्यक छ।


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : राजविराज दैनिक


# विदेशी स्टारको सहभागिताले बढ्दैछ एनपिएलको दायरा

**लोकेश धामी**
काठमाडौं, ६ असोज (रासस)।

नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो र दोस्रो संस्करणले नेपाली क्रिकेटमा फ्रेन्चाइज क्रिकेटको आधार तयार गर्‍यो। अब तेस्रो संस्करणतर्फ अघि बढ्दै गर्दा लिगको महत्वपूर्ण पक्ष विदेशी खेलाडीको सहभागिता बन्न पुगेको छ।

विदेशी खेलाडी एनपिएलमा जोडिनु नौलो कुरा नभए पनि अन्तरराष्ट्रिय क्रिकेटमा स्थापित र दर्शकमाझ परिचित स्टारको सङ्ख्या बढ्दै जाँदा त्यसको प्रभाव लिगमा बढिरहेको छ। लिगको टोलीहरूबीच पनि चर्चित खेलाडीलाई भित्र्याउन तीव्र प्रतिस्पर्धा भइरहेको छ।

अनुभवी विदेशी खेलाडीको आगमनले नेपाली खेलाडीले उनीहरूबाट सिक्ने अवसर, लिगको अन्तरराष्ट्रिय बजार, दर्शकको आकर्षण र फ्रेन्चाइजको व्यावसायिक मूल्यमा समेत यसको प्रभाव परेको क्यानका सचिव पारस खड्काले बताउनुभयो। उहाँ विदेशी चर्चित खेलाडी आउँदा एनपिएल मात्र नभइ नेपालको पर्यटनमै सहयोग पुगिरहेको बताउनुहुन्छ।

"विदेशी खेलाडी एनपिएलमा जोडिँदा क्रिकेट मात्र नभई नेपालको पर्यटनमा समेत ठूलो सहयोग पुगिरहेको छ। विगत संस्करणमा जोडिनुभएका स्टार खेलाडीका कारण क्रिकेटसँगै यहाँको पर्यटनको चर्चा पनि भएको थियो। धेरै विदेशी खेलाडीले नेपालको प्रसिद्ध ठाउँहरूको तस्बिर भिडियो सामाजिक सञ्जालमा राख्नुभएको थियो। त्यसले गर्दा नेपालको पर्यटनले अन्तरराष्ट्रियस्तरमै चर्चा पाएको विश्वास छ", सचिव खड्काले राससस‌ँग भन्नुभयो, "यसपालि पनि चर्चित विदेशी खेलाडी जोडिनेक्रम जारी छ। उनीहरूको आगमनले लिगले उचाइ पाउनुका साथै नेपालको अर्थतन्त्रमा पनि सहयोग पुग्नेछ।"

चर्चित विदेशी खेलाडीसँग एउटै टोलीमा रहेर खेल्ने अवसरले नेपाली युवा खेलाडीलाई खेल कौशलसँगै मानसिकरूपमा पनि बलियो बनाउनसक्ने उहाँको बुझाइ छ। अन्तरराष्ट्रिय क्रिकेटमा स्थापित खेलाडीको प्रशिक्षण शैली, खेलप्रतिको अनुशासन, तयारी र मैदानमा दवाब सामना गर्ने तरिका नेपाली खेलाडीका लागि प्रत्यक्ष सिकाइको माध्यम बन्नसक्ने खड्का बताउनुहुन्छ।

आफूले लामो समयदेखि आदर्श मानेका खेलाडीसँग एउटै 'ड्रेसिङ रुम' मा बस्नु र मैदानमा सँगै उत्रिनु युवा खेलाडीका लागि महत्वपूर्ण अनुभव हुने उहाँको भनाइ छ। यस्ता अवसरले नयाँ खेलाडीको आत्मविश्वास बढाउन तथा आफूले खेल्दै आएको क्रिकेटलाई अझ फराकिलो दृष्टिले बुझ्न सहयोग पुग्ने खड्का बताउनुहुन्छ। "आफूले आदर्श मानेका खेलाडीसँगै ड्रेसिङ रुम सेयर गर्न पाउनु युवा खेलाडीका लागि ठूलो उपलब्धि हो, जसलाई सानैदेखि मैदानमा देखियो, उही खेलाडी आफ्नै मैदानमा खेलेको देख्दा युवा खेलाडीमा हौसला अवश्य नै बढ्छ", राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तानसमेत रहनुभएका खड्काले भन्नुभयो।

विदेशी खेलाडीबाट प्राप्त हुने यस्तो अनुभव खेल सकिएसँगै समाप्त नहुने खड्काको बुझाइ छ। एउटै टोलीमा रहेर अभ्यास र खेल खेल्दा नेपाली खेलाडीले उनीहरूको व्यावसायिकता, समय व्यवस्थापन, 'फिटनेस'प्रतिको ध्यान तथा खेलअघि र खेलपछि गरिने तयारीलाई नजिकबाट नियाल्न पाउने गरेको क्यानका म्यानेजर विनोद दास बताउनुहुन्छ।

अष्ट्रेलियाका विश्वकप विजेता खेलाडी डेविड वार्नरको आगमनले नेपालका युवा खेलाडीलाई थप सहयोग पुग्ने पनि उहाँ बताउनुहुन्छ। "वार्नरको अनुभव र खेल्ने शैलीबाट नेपाली खेलाडीले प्रत्यक्षरूपमा धेरै कुरा सिक्न पाउने छर्न्नस्। यसले एनपिएलको स्तर र अन्तरराष्ट्रिय ध्यानसमेत बढाउन मद्दत गर्नेछ", नेपालको यू-१९ टोलीका पूर्वप्रशिक्षकसमेत रहनुभएका दासले भन्नुभयो, "विश्वस्तरीय खेलाडीलाई आफ्नै मैदानमा खेलेको हेर्न पाउनु नेपाली युवा खेलाडीका लागि ठूलो प्रेरणा हो। यसले उनीहरूलाई अझ मेहनत गर्न उत्साहित गर्नेछ।"

लगातार स्टार खेलाडी जोडिँदा एनपिएलले अन्तरराष्ट्रिय क्रिकेटमा थप चर्चा पाउने पनि उहाँको विश्वास छ। "वार्नरजस्ता विश्व क्रिकेटका स्टार नेपालमा आएर खेल्नु आफैँमा उपलब्धि हो। उहाँको नेपाल आगमनले एनपिएलको ब्रान्ड बढ्नेछ", नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तानसमेत रहनुभएका दासले भन्नुभयो, "वार्नरको उपस्थितिले एनपिएलप्रति दर्शक र क्रिकेट समर्थकको आकर्षण अझ बढ्नेछ। उहाँहरू जस्ता चर्चित खेलाडीको सहभागिताले प्रतियोगिताको प्रतिस्पर्धात्मक वातावरण पनि बलियो बनाउनेमा आशावादी छौं।"

उहाँले काठमाडौं गोर्खाजमा वार्नरको अनुबन्धले अन्य चर्चित विदेशी खेलाडीलाई समेत एनपिएलमा सहभागी हुन आकर्षित गर्ने वातावरण बन्नेसमेत बताउनुभयो। "वार्नरजस्ता विश्वस्तरीय खेलाडी नेपाल आएर एनपिएल खेल्दा अन्य चर्चित विदेशी खेलाडीलाई पनि नेपालमा आएर क्रिकेट खेल्न सकारात्मक वातावरण बनाउन सहयोग गर्नेछ। विश्व क्रिकेटका आइकन मानिने खेलाडी नेपाल आएर खेल्न थालेपछि एनपिएलप्रति विदेशी खेलाडीको विश्वास र आकर्षण बढ्न सक्छ। त्यसले आगामी दिनमा अझ स्तरीय विदेशी खेलाडीलाई एनपिएलमा ल्याउने बाटो सहज बनाउनेछ", दासले भन्नुभयो।

एनपिएलमा विदेशी खेलाडीको सहभागिताले नेपाली क्रिकेटलाई नयाँ अनुभव र अवसर थपिरहेको नेपाली राष्ट्रिय टी-२० टोलीका कप्तान दीपेन्द्र सिंह ऐरीको बुझाइ छ। अन्तरराष्ट्रियस्तरमा खेलिसकेका स्टारसँग एउटै प्रतियोगितामा प्रतिस्पर्धा गर्दा नेपाली खेलाडीले उनीहरूको खेल्ने शैली, तयारी र अनुभवबाट सिक्ने अवसर पाउने उहाँको भनाइ छ। विदेशी खेलाडीको उपस्थितिले नेपाली खेलाडीलाई उच्चस्तरको क्रिकेटमा आफूलाई परीक्षण गर्ने वातावरणसमेत तयार हुने ऐरी बताउनुहुन्छ।

उहाँका अनुसार विदेशी खेलाडीको सहभागिताले एनपिएलको प्रतिस्पर्धात्मक स्तर बढाउनुका साथै नेपाली क्रिकेटप्रतिको बाह्य चासो बढाउन पनि सहयोग पुग्न सक्छ। "विदेशी खेलाडी आउँदा नेपाली क्रिकेटलाई एकदमै राम्रो भइरहेको छ। उहाँहरू आउँदा नेपाली क्रिकेटको स्तर बढिरहेको छ। विदेशी खेलाडीहरूसँग खेल्दा नेपाली खेलाडीले धेरै कुरा सिक्ने अवसर पाउँछन् र त्यसले नेपाली क्रिकेटलाई अगाडि बढाउन सहयोग गर्छ", एनपिएल टोली सुदूरपश्चिम रोयल्सका कप्तानसमेत रहनुभएका ऐरीले भन्नुभयो।

**एनपिएल-३ खेल्ने ५ चर्चित विदेशी खेलाडी**

डेविड वार्नर (अष्ट्रेलिया): अष्ट्रेलियाका आक्रामक ब्याटर वार्नरले अन्तरराष्ट्रिय क्रिकेटमा लामो समय प्रभाव जमाउनुभएको खेलाडी हुनुहुन्छ। उहाँ अष्ट्रेलियाले सन् २०१५ र २०२३ मा एकदिवसीय विश्वकप जित्दा टोलीका महत्वपूर्ण सदस्य हुनुहुन्थ्यो। टेष्ट, एकदिवसीय र टी-२० तीनै स्वरूपमा उत्कृष्ट प्रदर्शन गर्नुभएका वार्नरले विश्वका विभिन्न फ्रेन्चाइज लिगमा पनि खेलिसक्नुभएको छ।

उहाँको अनुभव र आक्रामक ब्याटिङ एनपिएलका लागि आकर्षणको विषय बनेको छ। वार्नरले हालसम्म अन्तरराष्ट्रिय क्रिकेटमा कुल १८ हजार ९९५ रन बनाउनुभएको छ। उहाँसँग व्यावसायिक क्रिकेट खेलेको पनि लामो अनुभव छ। वार्नरले इन्डियन प्रिमियर लिग (आइपिएल), पाकिस्तान सुपर लिग (पिएसएल), बिग बास लिग (बिबिएल), क्यारेबियन प्रिमियर लिग (सिपिएल), बङ्गलादेश प्रिमियर लिग (बिपिएल) सहित एक दर्जनजति प्रतिष्ठित लिग खेलिसक्नुभएको छ। ती लिगहरूमा उहाँको क्रिकेटर करिअर उत्कृष्ट रह्यो। अब ३९ वर्षीय वार्नर नेपाल प्रिमियर लिग (एनपिएल) मा पनि आफ्नो सानदार प्रदर्शन गर्न चाहनुहुन्छ।

शाकिब अल हसन (बङ्गलादेश): एनपिएल-३ खेल्ने अर्का चर्चित विदेशी खेलाडी हुनुहुन्छ बङ्गलादेशका पूर्वकप्तान शाकिब अल हसन। उहाँ पोखरा एभेन्जर्सबाट एनपिएल खेल्ने तयारीमा हुनुहुन्छ। विश्व क्रिकेटमा स्थापित अलराउन्डरको सूचीमा शाकिबको नाम पनि आउँछ।

बायाँहाते ब्याटिङसँगै बायाँहाते स्पिन बलिङ गर्ने उहाँले लामो समय बङ्गलादेशको राष्ट्रिय टोलीको नेतृत्वसमेत गर्नुभयो। शाकिबले बङ्गलादेशका लागि कुल १४ हजार ७३० रन बनाउनुभएको छ। साथै उहाँले पनि एक दर्जनजति विदेशी लिगको अनुभव हासिल गरिसक्नुभएको छ। अन्तरराष्ट्रिय क्रिकेटसँगै विभिन्न फ्रेन्चाइज लिग खेलेको अनुभव बोक्नुभएका शाकिबको उपस्थितिले पोखरा एभेन्जर्सलाई अनुभव थप्नेछ।

जिमी निसम (न्युजिल्याण्ड): एनपिएलको तेस्रो संस्करणमा देखिने अर्का चर्चित खेलाडी हुनुहुन्छ, न्युजिल्यान्डका अलराउन्डर जिमी निसम। उहाँ लगातार तेस्रोपटक एनपिएल खेल्ने तयारीमा हुनुहुन्छ। निसमले अघिल्लो दुई सिजन फरक-फरक टोलीबाट एनपिएलमा सहभागिता जनाउनुभएको थियो। आसन्न संस्करणमा उहाँ पुनः जनकपुर बोल्ट्समा फर्किनुभएको छ। नीशमले पहिलो सिजनमा जनकपुरलाई उपाधि दिलाउन अहम् योगदान दिनुभएको थियो।

उहाँ लामो समयदेखि अन्तरराष्ट्रिय क्रिकेटमा सक्रिय हुनुहुन्छ। ब्याटिङ र बलिङ दुवैमा योगदान दिनसक्ने नीसमले विश्वका विभिन्न टी-२० फ्रेन्चाइज प्रतियोगितामा समेत खेलिसक्नुभएको छ। दबाबपूर्ण अवस्थामा आक्रामक ब्याटिङ गर्न सक्ने उहाँको क्षमतालाई टोलीका लागि महत्वपूर्ण मानिन्छ। ३६ वर्षीय निशमले हालसम्म अन्तरराष्ट्रिय क्रिकेटमा तीन हजार ३०९ रन बनाउनुका साथै १४९ विकेट लिनुभएको छ। उहाँले एक दर्जनभन्दा बढी विदेशी लिग खेलिसक्नुभएको छ।

रवि बोपारा (इङ्ल्याण्ड): एनपिएल २०२६ मा देखिनुहुने अर्का चर्चित विदेशी खेलाडी हुन्छ, इङ्ल्याण्डका अनुभवी अलराउन्डर बोपारा। उहाँ लगातार तेस्रोपटक चितवन राइनोजबाट एनपिएल खेल्दै हुनुहुन्छ। बोपारासँग पनि पनि अन्तरराष्ट्रिय क्रिकेटसँगै विश्वका विभिन्न टी-२० फ्रेन्चाइज प्रतियोगिताको लामो अनुभव छ।

ब्याटिङ र मध्यम गतिका बलिङबाट योगदान दिनसक्ने बोपारा विशेषगरी फ्रेन्चाइज क्रिकेटमा अनुभवी खेलाडीका रूपमा परिचित हुनुहुन्छ। ४१ वर्षीय बोपाराले इङ्ल्याण्डका लागि कुल तीन हजार ९८१ रन बनाउनुका साथै ५७ विकेट

*बाँकी तीन पृष्ठमा*

# शीतभण्डार आयोजना अलपत्र, किसानको जग्गा सात वर्षदेखि उपयोगविहीन

**सुदीप राउत**
सिरहा, ६ असोज (रासस)।

लहान नगरपालिका-११ पडरियाका आठ जना किसानले शीतभण्डार निर्माणका लागि आफ्नो एक बिघा दुई कट्ठा कृषियोग्य जग्गा ३० वर्षका लागि भाडामा दिए। जग्गा भाडामा दिएको अहिले सात वर्ष बितिसक्यो। न त उक्त जग्गामा शीतभण्डार निर्माण भएको छ न त किसानले जग्गाको उपभोग नै गर्न पाएका छन्।

मधेस प्रदेश सरकारको महत्वाकाङ्क्षी योजनाका रूपमा विसं २०७५ फागुन ११ गते तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले पडरियामा शीतभण्डारको शिलान्यास गर्नुभएको थियो।

शीतभण्डार निर्माण भएपछि सिरहा र सप्तरीका किसानले आँप, आलु तथा मौसमी तरकारीलगायत कृषिउपज सस्तो मूल्यमा बिक्री गर्नुपर्ने वा बजार नपाएर खेर फाल्नुपर्ने समस्या हट्ने सरकारको अपेक्षा थियो। सात वर्षपछि निर्माणस्थलमा अधुरा संरचना, झाडी र पशु चराउने ठाउँबाहेक केही बाँकी छैन।

एक हजार ५०० मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि २०७५ माघ ७ गते सप्तरीको मलेकपुरस्थित शुभनारायण कृषि व्यावसायिक फर्मसँग रु १७ करोड ३२ लाख ७१ हजार ५६ मा सम्झौता भएको थियो। सम्झौताअनुसार आयोजनामा प्रदेश सरकारको ८० प्रतिशत र सम्बन्धित फर्मको २० प्रतिशत साझेदारी रहने व्यवस्था थियो।

सम्झौतापछि फर्मले मन्त्रालयबाट पहिलो किस्ताबापत रु एक करोड भुक्तानी लिएको थियो। सो रकमबाट कार्यालय भवनको 'डिपिसी' र केही भागमा 'कम्पाउन्ड वाल' निर्माणलगायत प्रारम्भिक काम भए पनि त्यसपछि निर्माण अघि बढ्न सकेन।

आयोजना सुरु गर्दा पर्याप्त पूर्वतयारी र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बिना प्रक्रिया अघि बढाइएको, लागत अनुमान र कार्यान्वयन प्रक्रियामा कमजोरी देखिएको तथा भुक्तानी र छानबिनका विषय उठेपछि आयोजना अघि बढ्न नसकेको प्रदेश सरकारका अधिकारीहरू बताउँछन्।

**अधुरो संरचनामै हराउँदै निर्माण सामग्री**

निर्माण रोकिएपछि पडरियास्थित शीतभण्डारको संरचना संरक्षणविहीन बनेको स्थानीयको भनाइ छ। निर्माणस्थलमा रहेका फलामे रड चोरी भएको तथा केही पिलर फुटाएर फलाम निकालिएको स्थानीय बताउँछन्।

स्थानीय किसान राजेन्द्रप्रसाद साहले निर्माणस्थल संरक्षणविहीन हुँदा सरकारको लगानीसँगै निर्माण सामग्री नोक्सान भइरहेको बताउनुभयो। "पिलर फुटाएर फलाम निकालिएको छ, बाँकी फलामे रड पनि हराउँदै गएका छन्। सरकारले बनाउने भनेर छाडेको संरचना अहिले संरक्षण गर्ने मान्छे नभएको जस्तो देखिन्छ", उहाँले भन्नुभयो।

**किसानले भाडा पाएनन्**

शीतभण्डार बन्ने आशामा पडरियाका आठ किसानले करिब एक बिघा दुई कट्ठा उब्जाउ कृषि जग्गा ३० वर्षका लागि भाडामा दिएका थिए। प्रतिकट्ठा वार्षिक रु आठ हजारका दरले भाडामा दिइएको उक्त जग्गाको वार्षिक भाडा करिब रु एक लाख ७६ हजार हुने सम्झौता थियो।

निर्माण अलपत्र परेपछि किसानले जग्गाको भाडा मात्र होइन, भाडामा दिएको जग्गामा खेतीपातीसमेत गर्न पाएका छैनन्। स्थानीय किसान सुरतलाल चौधरीका अनुसार नेपाली चौधरी, सियाराम चौधरी, जीवन चौधरी, प्रकाश चौधरी, सीताराम चौधरी, अन्तिलाल चौधरी, बिन्तीलाल चौधरीसहित आठ जनाले शीतभण्डार निर्माणका लागि जग्गा भाडामा दिएका थिए।

जग्गादाता नेपाली चौधरीले शीतभण्डारका लागि जग्गा दिएको सात वर्षदेखि भाडा नपाएको बताउनुभयो। उहाँका अनुसार अहिलेसम्म रु १२ लाखभन्दा बढी भाडा पाउन बाँकी छ। "शीतभण्डार बनाउने भनेकाले जग्गा दियौँ। न शीतभण्डार बन्यो, न भाडा आयो। खेतीपाती गर्न पाएनौँ", उहाँले भन्नुभयो।

जग्गादाता जीवन चौधरीले आफूले साढे चार कट्ठा उब्जाउ जग्गा शीतभण्डार निर्माणका लागि दिएको बताउनुभयो। निर्माणको जिम्मा पाएको फर्मका सञ्चालकलाई खोज्दै राजविराजसम्म पुगे पनि भेट्न नसकेको र फोन सम्पर्कसमेत हुन नसकेको उहाँको भनाइ छ। "न संरचना बन्यो, न जग्गाको भाडा आयो। न त खेतीपाती गर्न पाइयो। अहिले जङ्गल र झाडी मात्रै बाँकी छ", उहाँले भन्नुभयो।

प्रदेशका आठ शीतभण्डारको अवस्था उस्तै

लहानको आयोजना मात्र होइन, मधेस प्रदेश सरकारले आव २०७५/७६ देखि अघि बढाएका अधिकांश शीतभण्डार आयोजना अझै सञ्चालनमा आउन सकेका छैनन्। प्रदेशका सात जिल्लामा आठ शीतभण्डार निर्माणका लागि करिब रु एक अर्ब ७९ करोड ९३ लाख बराबरको सम्झौता भए पनि अधिकांश आयोजना फाउन्डेशन, माटो फिलिङ र कम्पाउन्ड वालमै सीमित छन्।

धनुषाको लक्ष्मीनियाँमा एक हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि जनहित कृषक समूहसँग रु १६ करोड ६५ लाखमा सम्झौता भएको थियो। समूहका अध्यक्ष ललितनारायण यादवका अनुसार कृषकको लगानी रहेको उक्त आयोजनामा हालसम्म करिब रु तीन करोड खर्च भए पनि प्रदेश सरकारबाट रु ८१ लाख ५० हजार मात्र प्राप्त भएको छ।

पर्साको वीरगन्ज-२६ सुगौलीमा पाँच हजार मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि शिवम् एग्रो इन्डस्ट्रिजसँग रु २७ करोड ८२ लाख ९९ हजारमा सम्झौता भएको थियो। त्यहाँ प्रारम्भिक 'लेआउट'को कामभन्दा अरु अघि बढेको छैन। वीरगन्जकै अर्को आयोजनामा ग्लोबल लेदर ट्रेडिङ इन्डस्ट्रिजसँग रु १७ करोड ११ लाखमा सम्झौता भए पनि कम्पाउन्ड वालसम्मको काम भएको छ।

बाराको सिम्रौनगढमा तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि अमन मत्स्य फार्मससँग रु २४ करोड ७४ लाख ८४ हजारमा सम्झौता भएको थियो। त्यहाँ फाउन्डेशनसम्मको काम भएको छ। रौतहटको गरुडा-१ मा राष्ट्रिय हर्बल प्रोसेसिङ प्रालिसँग रु २६ करोड ८५ लाखमा सम्झौता भएको आयोजना पनि अलपत्र छ।

सर्लाहीको बरहथवा-५ मा एक हजार ५०० मेट्रिकटन क्षमताको शीतभण्डारका लागि लवकुश बचत तथा ऋण सहकारी संस्थासँग रु १८ करोड ३५ लाखमा सम्झौता भएको थियो। त्यहाँ माटो फिलिङ र फाउन्डेशनबाहेक काम हुन सकेको छैन।

सप्तरीको राजविराज-भल्हीमा तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि जिल्ला सहकारी संस्थासँग रु ३१ करोड पाँच लाखमा सम्झौता भएको थियो। साठी प्रतिशत काम सम्पन्न भएको दाबी गरिए पनि आयोजना अझै सञ्चालनमा आएको छैन। यस आयोजनामा सङ्घीय सहकारी विभागबाट रु सात करोड १७ लाख र प्रदेश सरकारबाट रु एक करोड चार लाख भुक्तानी भइसकेको छ।

लेखक तथा राजनीतिक विश्लेषक राजेश विद्रोहीले राजनीतिक स्वार्थका आधारमा आयोजना छनोट गर्ने, बजेट विनियोजन गर्ने तर कार्यान्वयनको जिम्मेवारी र जवाफदेहितामा बेवास्ता गर्ने प्रवृत्तिले विकास आयोजना अलपत्र पर्ने गरेको बताउनुभयो।

उहाँका अनुसार योजना छनोटदेखि ठेक्का, सम्झौता र बजेट खर्चसम्मका प्रक्रियामा राजनीतिक प्रभाव, अनियमितताले स्थान पाउँदा आयोजना समयमै सम्पन्न हुन नसक्ने अवस्था देखिन्छ। "आयोजना छनोट हुन्छ, बजेट पनि खर्च हुन्छ तर वर्षौंसम्म सम्पन्न हुँदैन भने त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्न उठ्छ", उहाँले भन्नुभयो, "यस्ता आयोजना अलपत्र पर्नुमा राजनीतिक स्वार्थसँगै कार्यान्वयनमा हुने ढिलासुस्ती, अनियमितता र कमजोर जवाफदेहिता पनि जोडिएको हुन्छ।"

**अख्तियार र महालेखाको प्रश्न**

शीतभण्डार निर्माणका क्रममा योजना छनोट, लागत निर्धारण, सम्झौता तथा भुक्तानी प्रक्रियामा प्रश्न उठेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएको थियो।

*बाँकी अन्तिम पृष्ठमा*

## *विदेशी स्टारको ...*

लिनुभएको छ। उहाँले झन्डै एक दर्जनजति विदेशी लिग खेल्नुभएको छ। बोपाराको अनुभव चितवन राइनोजका लागि उपयोगी हुनसक्ने अपेक्षा गरिएको छ।

सिकन्दर राजा (जिम्बाब्वे): एनपिएलको तेस्रो संस्करणमा जोडिने अर्को चर्चित खेलाडी हुनुहुन्छ, जिम्बाब्वे टोलीका कप्तान सिकन्दर राजा। उहाँ ताजा स्थितिमा अन्तरराष्ट्रिय टी-२० क्रिकेटमा प्रमुख अलराउन्डरको रूपमा परिचित हुनुहुन्छ। आक्रामक ब्याटिङसँगै अफस्पिन बलिङ गर्न सक्ने राजाले विभिन्न अन्तरराष्ट्रिय तथा फ्रेन्चाइज प्रतियोगितामा प्रभावशाली प्रदर्शन गर्नुभएको छ। उहाँले हालसम्म अन्तराष्ट्रिय क्रिकेटमा नौ हजार ३८२ रन बनाउनुका साथै २५२ विकेट लिनुभएको छ। ४० वर्षीय राजाको अलराउन्ड क्षमताले चितवन राइनोजलाई ब्याटिङ र बलिङ दुवैमा विकल्प थप्नेछ।

वार्नर, शाकिब, निसम, बोपारा र राजाजस्ता अनुभवी खेलाडीको उपस्थितिले नेपाली खेलाडीलाई विश्वस्तरीय क्रिकेटरको अभ्यास, तयारी र खेल्ने शैलीलाई नजिकबाट बुझ्ने अवसर दिनेमा एनपिएल टोली विश्वस्त छन्। उनीहरूकोको आगमनले नेपाली क्रिकेटप्रति अन्तरराष्ट्रिय चासो बढाउन र एनपिएलको पहिचानलाई थप फराकिलो बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको एनपिएल टोली विराटनगर किंग्सका निर्देशक दीपेन्द्र चौधरी बताउनुहुन्छ।

''तेस्रो संस्करणमा चर्चित विदेशी खेलाडीको सहभागिताले एनपिएललाई नयाँ उचाइतर्फ लैजाने छ। यसले नेपाली क्रिकेटका लागि सिकाइ र अवसरको अर्को ढोका खोल्ने देखिन्छ'', चौधरीले भन्नुभयो, ''विदेशी खेलाडीको सहभागिताबाट प्राप्त हुने लाभलाई प्रतियोगिता अवधिमै सीमित नराखी त्यसलाई नेपाली क्रिकेटको दीर्घकालीन विकाससँग जोड्नु महत्वपूर्ण हुनेछ। उनीहरूसँग नेपाली खेलाडीले सिकेको अनुभव प्रशिक्षण, घरेलु प्रतियोगिता र राष्ट्रिय टोलीसम्म पुग्न सके त्यसको प्रभाव अझ अर्थपूर्ण बन्न सक्छ।''

एनपिएलको तेस्रो सिजन कात्तिक ९ गतेदेखि काठमाडौँमा आयोजना हुँदैछ। क्यानले लिगको तालिका सार्वजनिक गरिसकेको छ। प्रतियोगिताको उद्घाटन खेलमा गत संस्करण विजेता लुम्बिनी लायन्स र उपविजेता सुदूरपश्चिम रोयल्स प्रतिस्पर्धा गर्ने तालिका छ।

## विश्व समाचार

### जिन्नाको तस्बिरले बङ्गलादेशको इतिहास बहसमा

ढाका, ६ असोज (रासस/एएफपी)।

पाकिस्तानका संस्थापक मोहम्मद अली जिन्नाको तस्बिर ढाका विश्वविद्यालयको नयाँ सङ्ग्रहालयमा राखिएपछि बङ्गलादेशमा इतिहासको व्याख्या, राष्ट्रियता, धर्म र भाषासँग जोडिएको विवाद चर्किएको छ। सङ्ग्रहालयमा राखिएको तस्बिर विद्यार्थीले हटाएर च्यातेपछि यस विषयमा नयाँ बहस सुरु भएको हो।

विश्वविद्यालयका विद्यार्थी अबु तैयब हाबिलदारले जिन्ना पाकिस्तानका संस्थापक भए पनि बङ्गाली भाषा र अधिकारको विरोध गरेकाले बङ्गलादेशमा उहाँको भूमिकालाई फरक रूपमा हेरिनुपर्ने बताउनुभयो।

सन् १९४७ मा भारत विभाजनपछि पाकिस्तानको पूर्वी र पश्चिमी भागका रूपमा रहेका बङ्गलादेश र पाकिस्तान सन् १९७१ को युद्धपछि अलग भएका थिए। उक्त युद्धमा पाकिस्तानी सेनाबाट व्यापक अत्याचार भएको आरोप लाग्दै आएको छ।

जिन्नाको मुस्लिम राष्ट्र निर्माणसम्बन्धी अभियानका कारण उहाँको विरासत बङ्गलादेशमा विवादित रहँदै आएको छ। राजनीतिक विश्लेषक अल्ताफ परवेजले इस्लामवादी राजनीतिमा नयाँ प्रतीकको खोजीका कारण जिन्नाको चर्चा बढेको बताउनुभयो।

ढाका विश्वविद्यालय केन्द्रीय विद्यार्थी सङ्घ (डियुसिएसयु) ले भने जिन्नाको तस्बिर विश्वविद्यालयको इतिहासका विभिन्न घटनालाई समयअनुसार प्रस्तुत गरिएको प्रदर्शनीको हिस्सा भएको जनाएको छ। सङ्घका नेता एसएम फरहादले इतिहासका घटनालाई प्रदर्शन गर्नु गलत नभएको बताउँदै तस्बिर तोडफोडको आलोचना गर्नुभयो।

सङ्ग्रहालयमा जिन्नाका तीन तस्बिर राखिएका थिए। तीमध्ये एउटा सन् १९४८ मा ढाकामा उर्दूलाई पाकिस्तानको एकमात्र राज्यभाषा बनाउने धारणा व्यक्त गर्नुभएको घटनासँग सम्बन्धित थियो। आलोचकहरूले जिन्नालाई प्रमुख स्थान दिँदा भाषा आन्दोलन र स्वतन्त्रता सङ्घर्षमा शेख मुजीबुर रहमानको भूमिकालाई ओझेलमा पारिएको आरोप लगाएका छन्।

सन् २०२४ मा शेख मुजीबकी छोरी तथा तत्कालीन प्रधानमन्त्री शेख हसिनाको सरकार विद्यार्थी आन्दोलनपछि अपदस्थ भएपछि बङ्गलादेशमा राजनीतिक इतिहास र नेताहरूको विरासतबारे नयाँ बहस सुरु भएको छ। फरहादले सङ्ग्रहालयलाई नयाँ सन्दर्भअनुसार अद्यावधिक गरिएको बताउनुभयो। तर विद्यार्थी महाफुजुर रहमानले जिन्ना इतिहासको हिस्सा भएकाले उहाँको तस्बिर हटाउनु उचित नभएको बताउनुभयो।

### ट्रम्पले संयुक्त राष्ट्रसङ्घमा युद्ध र शान्तिको दाबी राख्ने

संयुक्त राष्ट्रसङ्घ, ६ असोज (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्रसङ्घको महासभामा मङ्गलबार सम्बोधन गर्दै आफ्नो प्रशासनले युद्धमा हासिल गरेका उपलब्धि र शान्ति स्थापनाका प्रयासलाई प्रमुखताका साथ प्रस्तुत गर्ने अपेक्षा गरिएको छ।

राष्ट्रपति ट्रम्पले इरानसँगको युद्धको औचित्य पुष्टि गर्नुका साथै गाजाको द्वन्द्व अन्त्य गर्ने आफ्नो पहल र इजरायलसँगको अब्राहम सम्झौतामा थप अरब देशलाई सहभागी गराउने प्रयासबारे धारणा राख्ने सम्भावना छ। उहाँले हर्मुज जलघाँटीमा युद्धका कारण उत्पन्न अवरोध र त्यसबाट भएको आर्थिक क्षतिबारे पनि आफ्नो पक्ष प्रस्तुत गर्ने अपेक्षा गरिएको छ।

इन्टरनेसनल क्राइसिस ग्रुपका डेनियल फोर्टीले ट्रम्पले आफूलाई शान्ति निर्माता र सैन्य कारबाहीका समर्थक दुवै रूपमा प्रस्तुत गर्न सक्ने बताउनुभयो। महासभामा उहाँले संयुक्त राष्ट्रसङ्घप्रतिको आलोचना पनि दोहोऱ्याउन सक्ने अनुमान गरिएको छ।

गत वर्ष ट्रम्पले संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आफूले प्रयोग गर्ने क्रममा एस्केलेटर रोकिएको र टेलिप्रोम्प्टरमा समस्या आएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभएको थियो। संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजारिकले एस्केलेटरको जाँच गरिएको र अमेरिकी प्रतिनिधिमण्डलका लागि टेलिप्रोम्प्टरको नयाँ व्यवस्था गरिएको बताउनुभएको छ।

महासभाका क्रममा ट्रम्पले बेलायतका प्रधानमन्त्री एन्डी बर्नह्याम, युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्की, जापानका प्रधानमन्त्री साने तकाइची र भेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजसँग भेटवार्ता गर्नुहुनेछ। महासभाको उच्चस्तरीय बैठकमा युद्ध र कृत्रिम बौद्धिकतासहित विश्वव्यापी सुरक्षा तथा आर्थिक चुनौतीबारे छलफल हुँदैछ।

ट्रम्पअघि ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले सम्बोधन गर्नुहुनेछ। पुनःनिर्वाचनको तयारीमा रहनुभएका लुलाले ट्रम्पलाई ब्राजिलको आगामी निर्वाचनमा हस्तक्षेप नगर्न आग्रह गर्ने बताउनुभएको छ। महासभाको उच्चस्तरीय छलफल सेप्टेम्बर २२ देखि २८ सम्म न्युयोर्कमा हुँदैछ।

# राजनीतिक गतिविधिमा संलग्न शिक्षकलाई कारबाही गर्न निर्देशन

काठमाडौँ, ६ असोज (रासस)।
शिक्षा तथा खेलकुद मन्त्रालयले राजनीतिक दलका गतिविधिमा संलग्न शिक्षक तथा कर्मचारीमाथि प्रचलित कानूनबमोजिम कारबाही गर्न निर्देशन दिएको छ।

शिक्षकहरू राजनीतिक गतिविधिमा संलग्न भएको विषय सामाजिक सञ्जालमार्फत सार्वजनिक भएपछि शिक्षामन्त्री सस्मित पोखरेलले देशभरका विद्यालयमा शिक्षकका राजनीतिक गतिविधिमाथि निगरानी गर्न र त्यस्तो गतिविधिमा संलग्न पाइए कारबाही गर्न निर्देशन दिनुभएको हो।

यसैबीच, शिक्षा विकास तथा समन्वय एकाइ बैतडीले जिल्लाका १० वटै स्थानीय तहलाई पत्राचार गर्दै सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू राजनीतिक दलका कार्यक्रममा सहभागी भएनभएको निगरानी गर्न निर्देशन दिएको छ।

सामाजिक सञ्जालमा सार्वजनिक भएका समाचार तथा सूचनाका आधारमा केही शिक्षक विभिन्न राजनीतिक दलका कार्यक्रममा सहभागी भएको पाइएको जनाउँदै एकाइले स्थानीय तहलाई शिक्षकका गतिविधिमाथि गहन निगरानी गर्न आग्रह गरेको हो।

प्रचलित शिक्षा ऐन तथा नियमावलीमा तोकिएको शिक्षक आचरण र मापदण्ड तथा नेपाल सरकारका पछिल्ला निर्देशनविपरीत गतिविधि गरेको पाइएमा कानूनबमोजिम आवश्यक कारबाही गर्नसमेत एकाइले आग्रह गरेको छ।

एकाइ प्रमुख दशरथ दत्त भट्टद्वारा जारी पत्रको बोधार्थ शिक्षा तथा खेलकुद मन्त्रालयलाई दिइएको छ।

यसैगरी, शिक्षा विकास तथा समन्वय एकाइ सिन्धुलीले दुधौली नगरपालिका, सुनकोशी गाउँपालिका र तीनपाटन गाउँपालिकालाई पत्राचार गर्दै सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी राजनीतिक दलका कार्यक्रममा सक्रिय रूपमा सहभागी भएको पाइए आवश्यक कारबाही गर्न निर्देशन दिएको छ।

एकाइ प्रमुख दिनेश प्रसाद देवकोटाद्वारा जारी पत्रमा सामाजिक सञ्जालमा प्रकाशित सामग्रीका आधारमा चार शिक्षक तथा कर्मचारीको राजनीतिक गतिविधिमा संलग्नता भएको उल्लेख गरिएको छ। पत्रमा प्रेम प्रसाद भट्टराई, सर्वेश्वर कोइराला, अर्जुन कुमार गौतम र यतिराज तिमल्सिनाको नाम उल्लेख छ।

शिक्षा नियमावली, २०५९ (दशौँ संशोधनसहित) मा उल्लिखित व्यवस्थाविपरीत गतिविधि भएको उल्लेख गर्दै सम्बन्धित शिक्षक तथा कर्मचारीमाथि प्रचलित कानूनअनुसार कारबाही गर्न र त्यसको जानकारी एकाइलाई अविलम्ब गराउन स्थानीय तहलाई अनुरोध गरिएको छ। पत्रको बोधार्थ शिक्षा विभागलाई दिइएको छ।

## डाक्टर तथा ...

भएको भन्ने विषय सामाजिक सञ्जालमार्फत जानकारीमा आएको छ। हाल म मन्त्रालयको विभागीय काम तथा व्यक्तिगत कामको सिलसिलामा काठमाडौँमा छु। म शीघ्र राजविराज फर्कँदै छु। फर्कने बित्तिकै यस घटनाको सत्यतथ्य छानबिन गरी जो-कोही दोषी ठहरिए पनि उचित कारबाहीको पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। तसर्थ, सत्यतथ्य बाहिर नआउन्जेल यस्ता समाचारहरूलाई अतिरञ्जित र भ्रामक बनाएर सम्प्रेषण नगरिदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछु।" लेखेका छन्।

## शीतभण्डार आयोजना ...

विसं २०७९ मा पडरियासहित प्रदेश सरकारले विभिन्न जिल्लामा अघि बढाएका शीतभण्डार आयोजनामा अनियमितता भएको उजुरी परेपछि सम्बन्धित फाइल मन्त्रालयबाट झिकाएर अनुसन्धान गरिएको थियो।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा सञ्जयकुमार यादवका अनुसार शीतभण्डार निर्माणका क्रममा भएका केही भुक्तानीलाई महालेखापरीक्षक र अख्तियारका प्रतिवेदनमा बेरुजुका रूपमा औँल्याइएको छ।

आयोजना कार्यान्वयनमा देखिएका कानुनी तथा नीतिगत जटिलताका कारण प्रदेश सरकारले आवश्यक निर्णय नगरेसम्म आयोजना अघि बढाउने वा नयाँ ढङ्गले व्यवस्थापन गर्ने विषयमा स्पष्ट दिशा आउन कठिन रहेको उहाँले बताउनुभयो।

त्यस्तै, मन्त्रालयका प्रवक्ता मनिषकुमार पालका अनुसार तत्कालीन प्रदेश सरकारले विभिन्न जिल्लामा सुरु गरेका शीतभण्डारसम्बन्धी केही विषय अदालतमा विचाराधीन छन्।

"शीतभण्डार प्रदेशको गौरवको योजना भए पनि यो धेरै गिजोलिएको छ। विगतमा धेरै कमीकमजोरी देखिएका छन्", उहाँले भन्नुभयो, "यसलाई अब अगाडि बढाउन प्रदेश सरकारले कानुनी र नीतिगत निर्णय लिनुपर्छ। नत्र सम्भव छैन।"

# त्रिपुरेश्वर बस आगलागी: मृतक चालकको पहिचान

काठमाडौँ, ६ असोज (रासस)।
त्रिपुरेश्वरमा सोमबार दिउँसो बसमा आगलागी हुँदा जलेर मृत्यु भएका चालकको पहिचान खुलेको छ।

रिद्धिसिद्धी यातायातको वा५ख ४२७४ नम्बरको बसमा त्रिपुरेश्वर बसस्टप नजिक आगलागी हुँदा जलेर घाइते भएका चालकको उपचारका क्रममा कीर्तिपुरस्थित वर्न अस्पतालमा निधन भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक दिलीप घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार, जलेर मृत्यु हुनेमा मकवानपुर इन्द्रसरोवर गाउँपालिका सिस्नेरीका अर्जुन दोङ तामाङ हुनुहुन्छ।

मृतक चालक तामाङ विसं २०८२ कात्तिकमा बालाजुमा बस पल्टिँदा तीन जना घाइते भएको घटनामा संलग्न रही घटनापश्चात् फरार रहेको बुझिएको छ। मृतक तामाङले सुनिल तामाङको नाममा जारी भएको सवारीचालक अनुमतिपत्र प्रयोग गरेको अनुसन्धानमा खुलेको एसएसपी घिमिरेले बताउनुभयो।

तीन महिनाअघि काठमाडौँको मूलपानी क्षेत्रमा ट्राफिक प्रहरीसँग अभद्र व्यवहार गरेको घटनामा समेत मृतक चालक तामाङले दाबा तामाङको नाममा जारी भएको सवारीचालक अनुमतिपत्र प्रयोग गरेको प्रहरीले जनाएको छ। त्रिपुरेश्वर घटनामा पनि दाबा लामाको नाममा रहेको सवारी चालक अनुमतिपत्र प्रयोग गरेको परिसरले जनाएको छ।

अनुसन्धानका क्रममा चालक दाबा लामाको नाममा रहेको बैंक खाता तथा नागरिकतासमेत प्रयोग गरी विभिन्न घटनामा संलग्न भएको हुनसक्ने प्रहरीले जनाएको छ।

मृतक चालकले अन्य व्यक्तिको नाममा जारी भएका परिचयपत्र तथा कागजात प्रयोग गरेको सम्बन्धमा थप अनुसन्धान भइरहेको एसएसपी घिमिरेले बताउनुभयो।

# दर्ता नभएका औषधि बिक्री रोक्न आयुर्वेद चिकित्सा परिषद्को अनुरोध

काठमाडौँ, ६ असोज (रासस)।
आयुर्वेद चिकित्सा परिषद् नेपालले दर्ता नभएका औषधिको बिक्री-वितरण तथा विभिन्न रोगको नाममा भ्रामक विज्ञापन र प्रचारप्रसार नगर्न पक्षसँग अनुरोध गरेको छ।

परिषद्ले जारी गरेको सूचनामा क्यान्सर, पाइल्सलगायत विभिन्न रोग निको पार्ने दाबी गर्दै औषधिको प्रचार गर्ने, जटिल रोगको नाम लिएर उपचारबाट शतप्रतिशत निको हुने तथा निको नभए पैसा फिर्ता हुनेजस्ता दाबी गर्ने कार्यप्रति ध्यानाकर्षण गराएको हो।

परिषद्का अनुसार यस्ता गतिविधिले सर्वसाधारणलाई भ्रमित पार्ने भएकाले त्यस्ता विज्ञापन तथा प्रचारप्रसार रोक्न आग्रह गरेको हो। सूचनामा कानुनविपरीत यस्ता गतिविधि सञ्चालन वा गराइएको भए १५ दिनभित्र त्यस्ता गतिविधि बन्द गर्न/गराउन अनुरोध गरिएको छ।

परिषद्ले जारी गरेको सूचनाको अवज्ञा गरी अवाञ्छनीय कार्य गरेको पाइएमा कानुनबमोजिम कारबाही गरिने जनाएको छ।

# रासायनिक मल आपूर्ति गर्न अर्थ मन्त्रालयबाट १० अर्बको स्रोत सहमति

काठमाडौँ, ६ असोज (रासस)।
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले आगामी याममा किसानलाई आवश्यक पर्ने रासायनिक मल सहज रुपमा आपूर्ति गर्न तयारी अघि बढाउनुभएको छ।

आगामी यामका लागि आवश्यक रासायनिक मल खरिद गर्न अर्थ मन्त्रालयबाट रु १० अर्ब बराबरको स्रोत सहमति प्राप्त भएको छ। स्रोत सहमति प्राप्त भएसँगै उक्त रकमबाट आवश्यक मल खरिदका लागि टेन्डर आह्वान गर्ने प्रक्रिया अघि बढाउने तयारी गरिएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ।

समयमै मलको व्यवस्थापन गरी किसानले खेती गर्ने समयमा मल अभाव व्यहोर्न नपरोस् भन्ने उद्देश्यले खरिद प्रक्रिया र आपूर्ति व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाउन मन्त्री चौधरीले निर्देशन दिनुभएको हो।

---

भूमि व्यवस्था,सहकारी,सहिय ... सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय सप्तरी, राजविराज**

मिति २०८३/४/२९

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेप्ता बमोजिम रैती न.१८ मोति लाल गामी नाममा कायम रहेका साविक प्रगन्ना रायझमुना मौजे ललितपुर सा.कि.न.१२१ को १-९-१४ जग्गा भएको सर्वे नापी हुदा जिल्ला सप्तरी गा.वि.स.ब्रहमपुर वाड न.५ कि.न.१३३ को ०-१०-४ र ऐ.ऐ.कि.न.१३४ को ०-१७-० फिल्ड बुक तयार भएको जग्गा दर्ता गराउन छुट भएकोले दर्ता छुट जग्गा नामसारी गर्न समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. ब्रहमपुर वाई नं ५ हाल डाक्नेश्वरी न.पा. वडा नं. ७ बस्ने पाँचु साहको नाति मोतिलाल साहको छोरा महेन्द्र प्रसाद साह र राजेन्द्र प्रसाद साह समेतले सप्तरी जिल्ला अदालतको ०७५-cp-२६०६ मिति ०७६/०३/२५ को मिलापत्र समेत आधार लिई यस कार्यालयमा द.नं.१७०५४ मिति २०८१/११/२० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/४/२९ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकारसार्वजनिक सामुदायिक डगर बाटो ऐलानी प्रति गोचर समसानघाट पैनी पौवा पार्क हाटमेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मोति लाल गामी | ब्रहमपुर | ५ | १३३<br>१३४ | ०-१०-४<br>०-१७-० | महेन्द्रप्रसाद साह समेत २ | यो जग्गा फिल्ड बुक खाली ज.ध. महल खाली कैफियत खाली किसान व्यहोरा मा पोखरी जनइएको। |

---

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय, सप्तरी**
राजविराज

पत्र संख्या:-२०८३/०८४
च.नं. :-

मिति :-२०८३/५/३१

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालमा नापी भएको जमाबन्दी श्रेप्ता बमोजिम रैती नं ७० मनिलाल सुतिहार प्रगन्ना पकरी मौजे कसिहानी मा रहेको सा.कि.न.४६० को ०-८-५ जगगा ७ नं. फाटवारी भरेको २०२२ साल पुर्व महादेव शर्मा नाममा आइ २०२८ सालमा सर्वे नाप नक्सा भई जिल्ला सप्तरी गा.वि.स.महादेवा बार्ड नं. १ख कि.नं.५० को ज.वि.०-५-६ कायम भै फिल्डबुक तयार भइ ज.ध.महलखाली कैफियत खाली रहेको भनी उल्लेख रहेको हुदा महादेवा गाउँपालीका वडा न. २ को च.न. १००२ मिती २०८३/०९/२९ को सिफारीश समेत राखी जिल्ला सप्तरी गा.वि.स.महादेवा वाड नं..१ हाल महादेवा गा..पा. वडा नं.२ बस्ने महादेव शर्मा बरहीको मिति २०६०/१/११मा मृत्यु भै हकदार एकमात्र पत्नी कारो देवी बरहिनी लेयस कार्यालयमा द.नं.१५४७० मिति २०८२/१०/६ गतेमा माग निवेदन परेकोले मिति २०८३/५/३१ को आदेश बमोजिम उक्त जग्गा निवेदिकाहरु बाहेक अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| साविक कि.नं. | साविक दर्तावाल गा.वि.स. | वार्ड नं. | हालकोकि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४६०,१९१ | महादेवा | १ख | ५० | ०-५-६ | कारो देवी बरहीनी | योजग्गा फिल्डबुकको ज.ध. महलखाली, किसानको महल खाली जनिएको |

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*